
# व्यवहार परिवर्तनको ढाँचा




यो सामग्री पढिसकेपछि तपाईंले व्यवहार निर्माणका तत्वहरु बुझ्नुहुनेछ। साथै, व्यवहार परिवर्तनको COM –B ढाँचाको बारेमा थाहा पाई लैङ्गिकतामा आधारित कार्यक्रमलाई व्यवहार परिवर्तनको दृष्टिकोणबाट विश्लेषण गर्न सक्नुहुनेछ भन्ने आशा गरिएको छ।

ढाँचा सारांश

**यो स्रोत सामग्री बारेमा**

यो सामग्री एक्सनएड नेपालद्वारा विगत ६ वर्ष लामो समय २०१७ देखि २०२२ सम्म सञ्चालनमा रहेको बहुउद्देश्यीय "**महिला अधिकार कार्यक्रम–चरण २ समुन्नती**" परियोजनामा अभ्यास गरिएको व्यवहार परिवर्तन ढाँचा सम्बन्धी ज्ञान राख्न, जान्न तथा प्रयोग गर्न इच्छा राख्ने व्यक्तिहरुका लागि मार्गनिर्देशनको रुपमा एक्सनएड नेपालद्वारा बनाइएको हो । साथै यो सामग्री एक्सनएड आयरल्याडले अंग्रेजी भाषामा बनाएको "Using The Behavior Change Wheel Framework With in Gender–Focused International Development Programmes : Field Guide" बाट साभार गरि राष्ट्रिय भाषामा बुझ्न र प्रयोग गर्न सजिलो होस् भन्ने हेतुले पनि बनाइएको हो ।

# हाम्रो व्यवहार कसरी निर्धारण हुन्छ ? उदाहरणबाट बुझौं है त ।

## व्यवहार

जस्तै:
महिलाको गतिबिधिमा नियन्त्रण गर्नु, महिला माथि कुटपिट गर्नु ।



## बानी

भित्री र बाहिरी तत्वको बारम्बार अन्तरक्रिया, अभ्यास, प्रोत्सान, इनाम र याद गरेर गरिने दैनिक कार्य

जस्तै:
जानेर वा नजानेर महिला र किशोरी माथि सहजताका साथ हिंसा गर्नु

## वातावरण
**(बाहिरी तत्व)**

सामाजिक मूल्यमान्यता र पितृसत्तात्मक सोचलाई मान्यता दिनु वा आत्मसाथ गर्नु

जस्तै:
- पुरूषलाई पुरूषत्वको आभास गराईरहनु,
- हिंसालाई समान्यीकरण गर्नु,
- अग्रज व्यक्तिहरूले गरेको देखेर प्रेरित हुनु,
- समाजमा समायोजित हुने नाममा हिसां सहनु वा गर्नु,
- महिला हिंसा विरूद्ध काम गर्ने/गर्नु पर्ने निकायहरू गम्भीर र प्रभावकारी नहुनु ।

## अन्तरक्रिया

## व्यक्ति
**(भित्री तत्व)**

पितृसत्तात्मक धारणा र सोच

जस्तै:
- महिलाहरू कमजोर हुन्छ भन्ने सोच,
- महिला र महिलाको शरीर माथि आफ्नो अधिकार छ भन्ने ठान्नु,
- महिला माथि हिंसा गर्नु सामान्य हो भन्ने धारणा,
- पोथी बासेको राम्रो हुन्न भन्ने धारणा,
- सुखी परिवार र सभ्य समाज निर्माणका लागि महिलाहरूलाई नियन्त्रणमा राख्नुपर्छ भन्ने धारणा,
- छोरी भएर जन्मिएपछि अलि अलि हिंसा त सहनु परिहाल्यो नि भन्ने धारणा ।

*Source: Reciprocal Determinism theory set forth by Psychologist Albert Bandura*

## व्यवहार परिवर्तन नै किन?



**गर्नु हुन्न भन्ने थाहा छ, तर पनि गर्छौं ।**





समाजमा हुने समस्याहरू प्राय मानिसहरूको व्यवहारबाट उत्पन्न हुन्छ, जुन व्यक्तिको सोच, विचार, धारणा, अनुभव, अनुभूतिहरू र आसपासको वातावरण (संस्कृति, परम्परा इत्यादि) बीचको अन्तरक्रियाबाट प्रभावित भई सोही अनुसार निर्धारित हुन्छ । तसर्थ, समस्याको समाधान गर्नका लागि उक्त समस्या उत्पन्न गर्ने व्यवहारमा परिवर्तन ल्याउनु आवश्यक छ ।

### के व्यवहार परिवर्तन गर्न साँच्चै गाह्रो छ त ?

व्यक्तिले के–कस्तो सोच र विचार राख्छ भन्दा पनि के गर्छ भन्ने कुरा व्यवहार परिवर्तन हो । व्यवहार परिवर्तन "कडा मैनलाई नरम पारे" जस्तै हो, जसले प्राय व्यक्तिको धारणामा परिवर्तन गरी उक्त धारणालाई व्यवहारमा उतार्न मद्दत गर्छ । तसर्थ, व्यवहार परिवर्तनमा त्यस्ता "व्यवहार" लाई लक्षित गरिन्छ, जसले समस्या निम्त्याएको हुन्छ । त्यस्ता समस्याजन्य व्यवहारलाई परिवर्तन गर्न तथा सोचेको जस्तो नतिजा ल्याउन विभिन्न पात्र, तह र तत्वको निदान गरी व्यवहार परिवर्तनका लागि कार्य गरिन्छ ।

## के हो त व्यवहार ?

व्यक्तिले कुनै पनि आन्तरिक (आफैभित्र घटेको) वा बाहिरी घटना प्रति देखाउने प्रतिक्रिया वा कार्य नै व्यवहार हो, जुन आँखाले सजिलै देख्न सकिन्छ ।

## कसको, कुन व्यवहार, कसरी-कहिले परिवर्तन गर्ने ?

### व्यवहार

प्राय जसो चेतनामा गरिने प्रतिक्रिया वा कार्य

वातावरणबाट प्रभावित

व्यवहारद्वारा हामी हाम्रो व्यक्तित्वको ऐना देखाउँछौं ।

आवेग, प्रवृत्ति वा इच्छा प्रतिको प्रतिक्रियाहरू

### बानी

निरन्तर गरिने आनीबानी


अवचेतना वा अर्धचेतनामा गरिने प्रतिक्रिया वा कार्य

नियमित वा बारम्बार गरिने व्यवहार, जुन पछि गएर रोक्न गाह्रो हुन्छ ।

बानीले हामीलाई कि बनाउँछ कि बिगार्छ । यहाँ विचार गर्नुपर्ने कुरा के छ भने हामी जे कुरा बारम्बार गर्छौं त्यहि नै बन्छौं ।

*Source: Habit Formation and Behavior Change-https://www.oxfordbibliographies.com*

# व्यवहार परिवर्तनको चक्र के हो ?




व्यवहार परिवर्तनको चक्र-व्यवहार परिवर्तन गर्नका लागि व्यवस्थित र अनुकूल कार्यक्रमहरू बनाउन University College London द्वारा तयार गरिएको एक ढाँचा हो । Behavior Change Wheel frame (BCW) व्यापक रूपमा विभिन्न सन्दर्भहरूमा प्रयोग गरिन्छ। विशेष गरी स्वास्थ्य सेवामा र अझै धेरै समस्याहरूलाई सम्बोधन गरी थप दिगो सामाधानहरू विकास गर्नका लागि प्रयोग गरिन्छ जस्तैः घरेलु पानी प्रयोग, विद्यालयमा बालबालिकाहरूको शारीरिक क्रियाकलाप, जेष्ठ नागरिकहरूमा आत्मनिर्भरको जीवनयापन प्रवर्द्धन गर्न, बालबालिकाहरूको अस्वस्थकर खानाको मात्रा कम गर्नका लागि अभिभावकलाई सहयोग गर्न इत्यादि । लैङ्गिकतामा आधारित हिंसा विरुद्धको कार्यक्रममा महिला अधिकार कार्यक्रम- चरण २ पहिलो त्यस्तो कार्यक्रम हो, जहाँ व्यवहार परिवर्तनको ढाँचालाई प्रयोग गरिएको छ । BCW: चक्रको भित्री हरियो गोलाले व्यवहारलाई असर गर्ने मुख्य कुराहरू प्रस्तुत गर्छ, रातो गोलाले व्यवहार परिर्वतनका लागि गरिने कार्यको प्रकारहरूको दायरा देखाउँछ र बाहिरी सेतो गोलाले आवश्यक त्यस्ता कार्यक्रमहरू कार्यान्वय गर्नका लागि रणनैतिक विकल्पहरू पहिचान गर्छ ।


*Source: Developed by Susan Michie, Lou Atkins & Robert West (Centre for Behaviour Change at University College London)*

# COM–B मोडल

# व्यवहार

## कसको, कुन व्यवहार, कसरी-कहिले परिवर्तन गर्ने ?

व्यवहार परिवर्तनको चक्र अनुसार व्यवहारहरू ३ तत्वहरू मिलेर बनेका हुन्छन् र प्रत्येक तत्वमा २ उप-तत्वहरू छन् - **क्षमता** (मानसिक शारीरिक), **अवसर** (सामाजिक र भौतिक) र **उत्प्रेरणा** (स्वचालित र चिन्तनशील) जसलाइ जसलाई COM–B मोडेल भनिन्छ । समस्याको समाधान र व्यवहार परिवर्तन गर्नका लागि कुन तत्वहरूमा काम गर्न आवश्यक छ भनी पत्ता लगाउन गहिरो निदान (deep diagnosis) हुनु महत्त्वपूर्ण छ । त्यसपछि कस्तो कार्य वा ईन्टरभेन्सन गर्ने भन्ने तय भए पश्चात कुन नीति वा रणनीतिद्वारा परिवर्तन गर्न सकिन्छ भन्ने कुराको निर्णय गरिन्छ ।





# व्यवहार परिवर्तन चक्रको हरेक चरणलाई सिमान्तकृत समुदायमा बालविवाह न्यूनीकरणको उदाहरणबाट बुझ्ने कोशिस गरौं ।

## प्रक्रिया-१: उपलब्धि पहिचान र व्यवहार छनौट

उपलब्धिहरु विकासका कार्यक्रमको ठूला लक्ष्यहरूको भाग हुन्। यो चरणमा उपेक्षित वा लक्षित उपलब्धिहरूलाई समुदायहरूको अर्थपूर्ण सहभागीतामा बनाईन्छ । महिला लक्षित कार्यक्रमहरूको हकमा सामान्यत: अवसर, भौतिक तथा वित्तीय स्रोत र साधनमा समान पहुँच, र लैङ्गिकतामा आधारित हिंसा अन्त्य इत्यादि हुन सक्छ ।

धेरै जसो अवस्थामा कार्यक्रमले लक्षित गरेको समुदायका सदस्यहरूको व्यवहार (एक भन्दा बढी पात्र वा व्यवहार) परिवर्तन गरेर मात्र कार्यक्रमको उपलब्धि वा नतिजा हासिल गर्न सकिन्छ । उदाहरणका लागि पुरूष, बालक, महिला र बालिकाहरू र उनीहरूको व्यवहार । व्यवहार छनौट गर्न ठ्याक्कै कुन व्यवहार लक्षित समुदायको कसले गर्ने, के र कुन तरिकाबाट परिवर्तन गर्न आवश्यक छ, जसले इच्छाएको उपलब्धि प्राप्त गर्नमा योगदान पुऱ्याउँछ भनी पहिचान गरी प्रष्ट्याउनु पर्ने हुन्छ ।

**बाल विवाहको दर घटाउनका लागि तलको निम्न समूहहरूको व्यवहार परिवर्तन भएको हुनु पर्ने ।**

**अभिभावकहरू**
विवाह गरिदिनको लागि दुलाहा वा दुलही खोज्ने वा अनुमति दिने


**धर्म गुरूहरू**
विवाहको कुरा चलाई दिने र विवाह संस्कार गरी दिने

**बालबालिकाहरू**
विवाहका लागि इच्छा नभएको भावना व्यक्त नगर्ने र आफू भन्दा ठूलाहरूसँग कुराकानी नगरी दिने

**उपलब्धि:**
**लक्षित गरेको समुदायहरूमा २०२५ सम्ममा बाल विवाहको दर ५० प्रतिशतले घटेको हुनेछ ।**

## प्रक्रिया २: व्यवहारको निदान (Behavior Diagnosis)

कसको कुन व्यवहार परिवर्तन गर्ने भनेर स्पष्ट भएपछि अब उक्त व्यवहारमा परिवर्तन ल्याउन के आवश्यक छ भनी पहिचान गर्ने प्रकृया नै व्यवहार निदान हो । यो COM-B मोडलबाट निर्देशित रहेको हुन्छ । यसले व्यवहारलाई सक्रिय बनाउनका लागि आवश्यक अवस्थाहरूलाई नक्साकंन गर्छ वा खाका तयार पार्छ । व्यवहारमा परिवर्तन ल्याउनु भनेको COM-Bination lock (सुटकेशमा रहेको संयोजनको ताला) खोल्नु जस्तै हो । यदि तलको कुनै तीन तत्वमध्ये एउटा मात्र पनि छुटाएमा वा ध्यान नदिएमा व्यवहार परिवर्तन हुन सक्दैन ।



# COM–B निदान व्यवहार

## क्षमता (Capability):

इच्छाएको व्यवहार गर्नको लागि शारीरिक र मानसिक रूपमा सक्षम हुनु नै क्षमता हो, जसका लागि व्यक्तिलाई सीप, ज्ञान, बल र गतिशिलता (strength and mobility) चाहिन्छ ।

महत्व:

- व्यवहार परिवर्तन गर्न प्रेरित पनि छ र राम्रो अवसरहरू पनि उपलब्ध छ तर उक्त व्यवहार कसरी गर्ने भनेर व्यक्तिसंग ज्ञान, सीप र क्षमता नै भएन भने के परिवर्तन सम्भव होला त ?
- कहिलेकाँहि व्यक्तिसँग शारीरिक सामर्थ्य नभएर वा ज्ञान नै नभएर पनि अन्जानमा व्यवहारहरू भईरहेको हुन सक्छ ।
- इच्छाएको व्यवहार के, कुन वा कसको हो भनेर के समुदायका व्यक्तिहरूलाई थाहा छ ?

## उत्प्रेरणा (Motivation):

व्यक्तिलाई कुनै पनि विशेष काम वा व्यवहारहरू गर्न वा नगर्नका लागि अग्रसर गराउने प्रेरक तत्वलाई उत्प्रेरणा भनिन्छ । यो एक मनोवैज्ञानिक प्रक्रिया र सिकाईलाई अघि बढाउने शक्ति (driving force to learn) हो ।

महत्व:

- व्यवहार गर्नलाई आन्तरिक इच्छाशक्ति जगाउन र झुकाव उत्पन्न गर्न ।
- व्यवहारलाई दिगो बनाउन र निर्देशित लक्ष्यतर्फ क्रियाशील बनाउन ।
- व्यवहारलाई प्रभाव पार्ने आन्तरिक वा बाह्य तत्वहरूलाई नियन्त्रण गर्न ।

## अवसर (Opportunity):

व्यक्तिलाई इच्छाएको व्यवहार गर्नका लागि मौका प्रदान गर्नु अवसर हो ।

महत्व:

- एक तर्फ पुराना व्यवहार परिवर्तन गर्न वा नयाँ व्यवहार गर्न व्यक्तिसँग क्षमता पनि छ र उक्त व्यक्ति प्रेरित पनि छ तर अवसर नभएको खण्डमा व्यवहार परिवर्तन हुन सक्दैन ।
- अर्को तर्फ अवसर पाए कै कारण व्यक्ति फेरि पहिले कै बानीमा फर्किन सक्छ र नयाँ बानी बसाल्नका लागि व्यवहार नियमित नगर्न पनि सक्छ ।

## COM-B निदान गर्ने शुरुवाती क्रममा उदाहरणका लागि निम्न प्रश्नहरू मनन् गरी सोध्न सकिन्छ ।

**क्षमता:**

- के उनीहरू शारीरिक रूपमा व्यवहार गर्नका लागि सक्षम छन् ?
- के उनीहरूसँग आवश्यक शारीरिक वा मानसिक सीप छन् ?
- के उनीहरूलाई किन उनीहरूले उक्त व्यवहार गर्नुपर्छ तथा कसरी गर्ने भनेर थाहा छ ?
- के उनीहरूसँग आत्मनियन्त्रण गर्न सक्ने र यदि आवश्यक परेको खण्डमा निरन्तरता दिन सक्ने आवश्यक क्षमता छ ?

**उत्प्रेरणा:**

- के उनीहरूको लागि उक्त व्यवहार महत्वपूर्ण छ र के यो उनीहरू बस्ने परिवार र समुदायमा उनीहरूको भूमिकासँग मिल्दो वा सँगै लग्न मिल्ने खालको छ ?
- के उनीहरूसँग व्यवहार गर्न सक्छु भन्ने विश्वास छ र यदि छ भने के यसले सकारात्मक परिणाम तर्फ लग्ला त ?
- के व्यवहार एकदम भारी रूपमा बानी र दैनिकीले प्रभाव परेको छ ?

**अवसर:**

- के उनीहरूसँग इच्छाएको व्यवहार गर्नको लागि समय, वित्तीय स्रोत साधनहरू छन् ?
- के उनीहरूसँग आवश्यक सामाजिक सहयोग साथ छ ?
- के उनीहरूको सामुदायिक वातावरणमा उक्त व्यवहार गर्नु साधारण रूपमा लिइन्छ र के उनीहरूको समुदाय भित्र यसको लागि ब्यापक सहमति छ ?

# COM–B निदान व्यवहार

## क्षमता (Capability):

### शारीरिक क्षमता

व्यवहार वा कार्य गर्नका लागि व्यक्ति शारीरिक रूपमा सक्षम हुनु वा तन्दुस्त हुनु ।

### मनोवैज्ञानिक वा मानसिक क्षमता

व्यवहार वा कुनै पनि कार्य गर्नका लागि आवश्यक ज्ञान, सीप, बुझाई, याद गर्न सक्ने क्षमता वा तर्कहरूमा संलग्न हुन सक्ने, सोच विचार गर्न सक्ने व्यक्तिको क्षमता नै मानसिक सक्षता हो ।

## उत्प्रेरणा (Motivation):

### चिन्तनशील (आभास भएको) उत्प्रेरणा

व्यावसायिक/सामाजिक भूमिका र पहिचान, क्षमतामा विश्वास, आशा, मनसायहरू, लक्ष्यहरू र परिणामहरूको बारेमा विश्वासहरू ।

### स्वचालित उत्प्रेरणा

भावना, आवेग, तत्काल आग्रहका कारण आफै प्रेरित हुनु, बारम्बार गर्दा गर्दा आफै प्रेरित वा बानी हुनु (अनुभव, ज्ञान, डर, आवश्यकता, माग, चाहना, इच्छा)

## अवसर (Opportunity):

### सामाजिक अवसर

सामाजिक र सांस्कृतिक परिवेशको अवसर जसले व्यक्तिको विषयवस्तु प्रतिको विश्वास, धारणा निर्देशित गरी व्यवहार गर्न मद्दत गर्छ । जस्तैः सामाजिक छलफल, भेलाको अवसर ।

### भौतिक अवसर

भौतिक वातावरणद्वारा अवसरहरूमा पहुँच पुऱ्याउनु जस्तैः समय, स्थान, भवन, स्रोतसाधनको अवसर

## उदाहरणः बालबालिकाले अभिभावकसँग आफ्नो विवाहको उमेर नपुगेसम्म नगर्नका लागि पैरवी गरोस् भन्नका लागि कम बि को नजरबाट हेरौं ।

बालबालिकाले बालविवाह गर्नु मानव अधिकारको उल्लङ्घन हो, यसले शारीरिक र मानसिक रूपमा हानी गर्छ भनी बुझ्न आवश्यक छ ।

साथै, आफ्नो अभिभावकसँग यस विषयमा कुराकानी गर्न उनीहरूसँग ज्ञान र सीप हुनु जरूरी छ ।

विवाह गरेपछिको परिणामको नकारात्मक प्रभाव आफू, आफ्नो परिवार र समुदायलाई पनि पर्छ भनी बुझ्नु जरूरी छ ।

त्यस्तो सुरक्षित स्थान हुनु जरूरी छ जहाँ बालबालिकाले आफ्नो विचार बिना डर व्यक्त गर्न वा भन्न सम्भव छ ।

उनीहरूले बालविवाह गर्नु मानव अधिकारको उल्लङ्घन हो, यसले शारीरिक र मानसिक रूपमा हानी गर्छ भनी बुझ्न आवश्यक छ । साथै आफ्नो अभिभावकसँग यस विषयमा कुराकानी गर्न उनीहरूसँग ज्ञान, सीप हुनु जरूरी छ र यी सब गर्नका लागि प्रेरणाको स्रोत हुनु आवश्यक छ ।

विवाह गरे पछिको परिणामको नकारात्मक प्रभाव आफू, आफ्नो परिवार र समुदायलाई पनि पर्छ भनी बुझ्न जरूरी छ ।

त्यस्तो सुरक्षित स्थान हुनु जरूरी छ जहाँ बालबालिकाले आफ्नो विचार बिना डर व्यक्त गर्न वा भन्न सम्भव छ ।

# प्रक्रिया ३ :

# कार्य (Intervention) को विकास र छनौट

एक पटक व्यवहारलाई प्रभाव पर्ने भित्री तत्वहरू थाहा पाएपछि अब अर्को चरण भनेको ती तत्वहरूलाई सकारात्मक तवरबाट परिवर्तन गर्नका लागि बाटोहरू (९ इन्टरभेन्सनद्वारा) खोज्नु हो ।




८ ओटा इन्टरभेन्सनहरूमा अपुगको कुरालाई पूर्ति गर्न तथा बाधाहरू कम गर्नका लागि विभिन्न तरिकाबाट क्षमता सुधार गर्न सहयोगहरू प्रदान गर्ने



जस्तै : यौन हिंसामा परेको पिडित महिलाहरूलाई आवश्यक सेवाहरू उपलब्ध गराउने

जानकारी दिएर, व्याख्या गरेर, देखाएर तथा प्रतिक्रिया प्रदान गरेर विषयवस्तु प्रतिको बुझाई ज्ञान बढाउने



जस्तै : बालबालिकालाई उनीहरूको मानव अधिकार के हो, विभिन्न तवरबाट कसरी यी अधिकारहरूलाई हनन् हुन सक्छ वा यस विरुद्ध कानुनहरू के के छन् भनी सिकाउने र थाहा दिने

मानिसहरूको आफ्नो व्यवहार प्रतिको भावना र विश्वासलाई परिवर्तन गर्न शब्दहरू र तस्बिरहरूको प्रयोग गरेर उक्त भावना र विश्वासलाई कमजोर वा बलियो बनाउने




जस्तै : सडक नाटकद्वारा व्यक्तिगत रूपमा बालबालिकालाई पर्न सक्ने नकरात्मक असरहरू दर्साउने र यसको बारेका विश्वास दिलाउने खालका पोस्टरहरूको प्रयोग गर्ने

इनाम वा पुरस्कारको अपेक्षा सृजना गरी इच्छाएको कार्य व्यवहार गर्नका लागि प्रोत्साहन तथा आकर्षण गर्ने



जस्तै : आर्थिक रूपमा सक्रिय हुन र सामुदायिक निर्णय प्रक्रियामा सहभागी हुन आफ्ना श्रीमतीलाई प्रोत्साहन गर्ने र घरायसी काम बाँडफाँड गर्ने पुरुषलाई उत्कृष्ट महिला अधिकार च्याम्पियन वा अभियानकर्ता भनेर सामाजिक पुस्कार वा ओहोदा दिने

गर्न मन लाग्ने वा बानी परेको व्यवहारलाई हटाउन वा कुनै व्यवहार गराउन परिमाण स्वरूप दण्डसजायको डर पैदा गर्ने



जस्तै : सार्वजनिक यातायातमा महिलालाई यौन दुर्व्यवहार गर्ने व्यक्तिलाई जरिवानाको व्यवस्था गर्ने

बारम्बार अभ्यास गरेर र प्रतिकृया दिएर व्यवहार गर्नका लागि आवश्यक क्षमता (कौशलता) वृद्धि गर्न सीप प्रदान गर्ने



जस्तै : बालबालिकालाई आफ्नो अधिकारको प्रयोग कसरी गर्ने र अभिभावक लगायतको सम्बन्धित व्यक्तिहरूसँग विवाहलाई नकार्नका लागि कसरी कुरा गर्ने भनेर प्रभावकारी सञ्चार सीप लगायतका तालिमहरू दिने र अभ्यास गर्न लगाउने

आपत्तिजनक व्यवहारहरूलाई नियन्त्रण गर्न वा नयाँ आवश्यक व्यवहार प्रदर्शन गर्नका लागि नियमहरू बनाउने




जस्तै : सार्वजनिक यातायातमा यात्रु, विशेष गरेर महिला यात्रुहरूलाई सहज रूपमा यात्रा गर्नका लागि सुरक्षित वातावरण सृजना गर्न पालना गर्नु पर्ने नियमहरू अथवा स्वीकार गर्न नसकिने व्यवहारहरूको बुँदा बनाउने

भौतिक वा सामाजिक वातावरणलाई सहज र सुहाउँदो बनाई व्यवहारहरूलाई बढवा गर्नु वा असहज बनाई निरूत्साहित गर्नु



जस्तै : महिलाहरूको आफ्नो सामुहिक आवश्यकता र प्राथमिकताहरू छलफल गर्न र यसका लागि भेटघाट गर्नका लागि सुरक्षित स्थानको व्यवस्था गर्ने

व्यक्तिलाई प्रेरित हुन, सिक्न तथा अनुसरण गर्नका उदाहरण देखाउने



जस्तै : श्रीमान र श्रीमती बीच संचार बलियो बनाउने सकारात्मक रणनीतिहरू र उपायहरूको बारेका उदाहरणीय नाटक गर्ने, उदाहरणीय दम्पतीहरूलाई आफ्नो अनुभवहरू बैठक तथा कार्यक्रमहरूमा सुनाउने मौका दिने

# कार्य (Intervention) छनौट गर्ने रणनिति

| COM–B component | कार्य (Intervention) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षा (Education) | मत परिवर्तन (Persuade) | पुरस्कृत गर्ने (Incentivization) | दण्ड सजायं (Coercion) | तालिम (Training) | निषेधित (Restriction) | वातावरणलाई बेग्लै बनाउने (Environment Restructuring) | नमुना बन्नु बनाउनु (Modelling) | सहज बनाउनु (Enablement) |
| भौतिक क्षमता Physical Capability | | | | | ✓ | | | | ✓ |
| मानसिक क्षमता Psychological Capability | ✓ | | | | ✓ | | | | ✓ |
| भौतिक अवसर Physical Opportunity | | | | | ✓ | ✓ | ✓ | | ✓ |
| सामाजिक अवसर Social Opportunity | | | | | | ✓ | ✓ | ✓ | ✓ |
| चिन्तनशील (आभाषित) उत्प्रेरणा Reflective Motivation | ✓ | ✓ | ✓ | ✓ | | | | | |
| स्वचलित वा आफै चल्ने उत्प्रेरणा Automatic Motivation | | ✓ | ✓ | ✓ | ✓ | | ✓ | ✓ | ✓ |

# प्रक्रिया ४ : परिवर्तनहरूलाई सुद्धढीकरण र आत्मसाथ गर्ने

व्यवहार परिवर्तनको कार्यलाई समुदायको जीवनशैलीमा पूर्ण रूपमा सम्मिलित र आत्मसाथ गराउनका लागि समुदाय परिचालन गर्ने अधिकारी तथा प्रणालीहरूद्वारा सुद्दढ गरियो भने मात्र उक्त कार्यले दिगो परिवर्तन ल्याउन सक्छ । यसका लागि यहाँ हामी ७ वटा उपायहरूद्वारा इन्टरभेन्सनलाई सुद्दढीकरण र आत्मसाथ गर्छौं ।

**वित्तीय नीतिहरू**

कर, कर छुट र वित्तीय स्रोतहरूको प्रयोग गर्ने ।




उदाहरणका लागि स्थानीय सरकारलाई बाल हेरचाह केन्द्रमा लगानी गर्नका लागि वकालत गरी मनाउने

**निर्देशिका र कार्यविधि**

परिभाषित परिस्थिति र प्रावधानहरू अनुसार गरिनु पर्ने कार्य प्रक्रियाहरूका लागि सिफारिस अनि दिशानिर्देश गर्ने खालका कागजातहरूको विकास र प्रसार गर्ने




उदाहरणका लागि सार्वजनिक यातायातहरूमा के गर्न हुने र के गर्न नहुनेमा मार्गदर्शन बनाउने

**वातावरणीय योजना**

कसरी भौतिक र सामाजिक स्रोतहरू प्रयोग गरिन्छन् भनी समन्वय गर्न रणनीतिहरूको प्रयोग गर्ने जस्तै : आवास/भुमी व्यवस्थापन र विकास योजना, सामाजिक सुरक्षा सेवा, सरकारी सुविधा, संरक्षण र पूर्नस्थापन योजना इत्यादि ।



उदाहरणका लागि स्थानीय महिला साझेदार संस्थाहरूलाई कार्यालय निर्माणका लागि सहयोग प्रदान गर्ने ।

**सञ्चार र बजारीकरण**

कार्यक्रमहरूलाई थप सुदृढीकरण गर्न र प्रभावकारी बनाउन आमसञ्चार अभियान, डिजिटल मार्केटिङ अभियानहरू र पत्राचार जस्ता रणनितिहरूको प्रयोग गर्ने



उदाहरणका लागि कोडिभ महामारीबाट बच्नका लागि मानिसहरूको व्यवहार (हात धुने, सामाजिक दुरी कायम गर्ने) परिवर्तन गर्ने रेडियो प्रसारण गर्ने

**नीति तथा कानून**

स्वीकार्य व्यवहारहरूको दायरा बनाउन वा उल्लङ्घन भएको खण्डमा दण्डसजायका लागि राष्ट्रिय देखि स्थानीय स्तरको सम्बन्धित विधान कानून इत्यादिको प्रयोग गर्ने



उदाहरणका लागि फौजदारी संहिता २०७४ अनुसार कुनै पनि महिलालाई महिनावारी भएको समयमा जबरजस्ती छाउपडी अभ्यास गर्न लगाएमा ३ महिना जेल सजाय वा तीन हजार सम्म जरिवाना वा दुवै हुने कानूनको प्रयोग ।

**सुविधा प्रावधान**

सेवा, सामग्री, सामाजिक स्रोत र सहयताहरूको प्रावधान गर्ने (संरचनामा भएको, आवश्यकता अनुसार, वित्तीय वा प्राविधिक)



उदाहरणका लागि महिला किसानहरूलाई आफ्नो व्यवसाय सञ्चालन र वृद्धिका लागि अनुदान प्रदान गर्ने ।

**नियमन**

व्यवहार परिमार्जनका लागि बनाईएका नियमहरूको विकास र कार्यान्वयन गर्ने, जसले व्यवहारलाई निर्देशित गर्नुका साथै सम्भवतः अनुपालन गरेको खण्डमा पुरस्कार वा नगरेकोमा सजाय दिन्छ ।




उदाहरणका लागि समुदायमा महिलाका लागि मात्र त्यस्तो सुरक्षित स्थानको स्थापना गर्ने जहाँ पुरुषलाई प्रवेश निषेध छ ।

# व्यवहार परिवर्तनलाई दिगो र सुदृढ गर्नका लागि नितिगत उपायहरू छनौट गर्ने रणनिति


| कार्य (Intervention) | नितिगत उपायहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निर्देशिका (Guidelines) | वातावरणीय योजना (Environmental / social Planning) | सञ्चार र बजारीकरण (Communications and Marketing) | नितिकानून (Legislation) | सुविधा प्रावधान (Service Provision) | नियमन (Regulation) | वित्तीय नितिहरू (Fiscal Policies) |
| शिक्षा (Education) | ✓ | | ✓ | ✓ | ✓ | ✓ | |
| मत परिवर्तन (Persuasion) | ✓ | | ✓ | ✓ | ✓ | ✓ | |
| पुरस्कृत गर्ने (Incentivization) | ✓ | | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| दण्ड सजायं (Coercion) | ✓ | | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| तालिम (Training) | ✓ | | | ✓ | | ✓ | ✓ |
| निषेधित (Restriction) | ✓ | | | ✓ | | ✓ | |
| वातावरणलाई बेग्लै बनाउने (Environment Restructuring) | ✓ | ✓ | | ✓ | | ✓ | ✓ |
| नमुना बन्नु बनाउनु (Modelling) | | | ✓ | | ✓ | | |
| सहज बनाउनु (Enablement) | ✓ | ✓ | | ✓ | ✓ | ✓ | ✓ |

# एपिज (APEASE) मापदण्ड अनुसार सान्दर्भिक रूपमा उपयुक्त निर्णयहरू लिने

**व्यवहार परिवर्तन ढाँचा अन्तर्गत पुरा गरिने सबै चरणहरूमा:** कुन व्यवहार परिवर्तन गर्नुपर्छ, लक्षित समूहको छनौट गरिएको व्यवहारलाइ कुन कम बि (COM-B) ले प्रभाव पार्छ र कुन इन्टरभेन्सहरू लागु गर्नुपर्छ भन्ने निर्णय लिन एपिज (APEASE) मापदण्डको नजरबाट हेर्न सकिन्छ ।

### स्वीकार्यता (Acceptability)

समुदाय र सरोकारवालाहरूलाई कतिसम्म स्वीकार्य छ (जस्तै समुदायका सदस्यहरू, कर्तव्य निर्वाहक) ?



### व्यवहारिकता (Practicality)

कति हदसम्म सोचिएका विकल्पहरू भौतिक र सामाजिक रूपमा उपलब्ध भएका स्रोत र साधनहरू सन्दर्भ अनुसार व्यवहारिक रूपमा कार्यान्वयन गर्न सकिन्छ ?



### प्रभावकारिता (Effectiveness)

सोचिएका विकल्पहरूद्वारा अपेक्षा गरे अनुसार परिवर्तन ल्याउनका लागि कति सम्म सम्भावना छ वा प्रभावकारी छ ?



### सुलभता (Affordability)

कार्यक्रमका लागि बजेट भित्र रहेर विकल्पहरू कतिसम्म पुऱ्याउन वा पूरा गर्न सकिन्छ ?



### असर (Side-effect)

के गर्न खोजेको विभिन्न विकल्पहरूको कुनै नकारात्मक प्रभाव परिणामहरू छन् वा अन्य कुनै फाइदाहरू छन् ?





### समता (Equity)

पछाडि पारिएका, जोखिममा रहेका र सिमान्कृत समूहहरूको आवश्यकतालाई मध्यनजर गर्दै असमानता हटाउन के के सम्भावित विकल्पहरू छन् ?



# कसरी BCW ले HRBA कसरी परिपूर्ति गर्छ ?



# कार्यक्रमको पारम्भिक चरणहरूमा योजना बनाउने क्रममा प्रयोग हुने विधिहरू

### १. समुदाय प्रवेश र सम्बन्ध विस्तार

- कार्यक्रमको उदेश्य र कार्यहरूको बारेमा छलफल गर्नका लागि समुदायका प्रतिनिधि र स्थानीय अधिकारीहरूसँग अधिकारीहरूसँग भेटघाट,
- कार्यस्थल र समुदायमा भएको सम्पूर्ण जानकारी सङ्कलन
- समुदायका लक्षित समूह, अन्य सदस्यहरू र सरोकारवालासँग अन्तरक्रियात्कम भेटघाट र परिचालन

### ३. रिफ्लेक्ट विधिहरूद्वारा सिमान्तीकरण विश्लेषण

- पुरुष, महिला, जेष्ठ नागरिक, बालबालिका, युवा र अपाङ्गता भएका व्यक्तिहरूसँग दैनिक गतिविधि विश्लेषण
- समस्याहरूले एक वर्षमा समुदायका सदस्यहरूलाई कसरी असर गर्छ भनी बुझ्नको लागि मौसमी क्यालेन्डरहरू
- विचाराधीन सम्बन्धित मुद्दा अन्तगर्त विभिन्न समूहहरू र उनीहरूको जीवनका विभिन्न पक्षहरूमा घटना अध्यन –यसमा लिङ्ग र समूह अनुसार स्रोतहरूमा पहुँच र नियन्त्रण कसरी भई रहेको छ भन्ने विषय पनि समावेश हुन सक्छ:

### २. रिफ्लेक्ट विधिहरूद्वारा परिवेश विश्लेषण

- सामाजिक नक्सांकन/ सहभागितामूलक गणना
- जोखिम, स्रोत, गतिशीलता र व्यवहार प्रणाली नक्सांकन,
- ऐतिहासिक समय रेखाचित्र
- स्थलगत भ्रमण,
- समस्याहरूको स्तरीकरण (Ranking)
- व्यक्ति/समुदाय घटना अध्ययन र कथा संकलन
- कल्याण, सुस्वास्थ्य विश्लषेण

### ४. उपलब्धि र लक्षित व्यवहारहरूको छनौट

- समस्याको बृक्ष विश्लेषण (प्रवाह रेखाचित्र)
- फोर्स फिल्ड विश्लेषण
- जोडीमा स्तरीकरण (Ranking)
- असर, सम्भावना र स्पील ओबर विश्लेषण
- आवश्यकता र माग स्तरीकरण (Ranking) APEASE मापदण्ड

### ५. छनौट गरिएको व्यवहार निदान र इन्टरभेन्सन पहिचान

- परिकल्पना संकलन
- समुदायको शक्ति नक्सांकन
- पहुँच र नियन्त्रण मेट्रिक्स, शरीर नक्सांकन र चपाती रेखाचित्र
- व्यवहार निदान र COM-B इन्टरभेन्सन प्रकार मेट्रिक्स

### ६. व्यवहार परिवर्तनका योजनाहरू

### ७. कार्यान्वयन र सहभागितामूलक मूल्याङ्कन

# चितवनमा सार्वजनिक यातायातमा यौन हिंसाको न्यूनीकरण गर्नमा लागि व्यवहार परिवर्तन ढाँचाको प्रयोग

| व्यवहार | व्यवहारको निदान | इन्टरभेन्सनको प्रकारहरू | नीति विकल्पहरू |
|---|---|---|---|

## व्यवहार

बसमा हुने यौन हिंसा रोक्नका लागि बस चालक तथा सह-चालक (पात्र)ले सार्वजनिक यातायातका नियम पालना गर्नुका साथै हिंसाको घटनाहरूलाई निरुत्साहित गर्दै उजुरी गर्ने ।

## क्षमता

बसमा हुने यौन हिंसाको कारण, यस्ता घटनालाई सामना गर्न आवश्यक नियमहरू र कार्यहरूको बारे पात्रले बुझ्न जरुरी छ, जुन मुख्य पात्रको जिम्मेवारीसँग सम्बन्धित छ ।

## उत्प्रेरणा

हिंसा रोकथामको लागि पहल लिनु आफ्नो जिम्मेवारी भित्र पर्छ भन्नेमा पात्रले विश्वास नगर्नु ।

पात्रले उजुरी गरेका घटनाहरूमा पुलिसले काम कारबाही गर्ने छन् भनी विश्वास नलाग्नु ।

## अवसर

पात्रहरूलाई स्मरण गराउनका लागि बस भित्र कुनै पनि यौन हिंसा/उत्पीडन निषेधित गर्ने वा रोक्न लगाउने खालका संकेतहरू वा अन्य वस्तुको अभाव हुनु ।

समुदायमा हिंसालाई प्रायजसो "सामान्य मजाक" को रुपमा स्थापित गर्नाले यसको गम्भिरता र कामकारकाहीको आवश्यकतालाई नजरअन्दाज गरेको छ ।

## इन्टरभेन्सनको प्रकारहरू

**शिक्षा**
यौन हिंसाको विभिन्न प्रकारहरू, सार्वजनिक बसभित्र हुने यस्ता समस्याहरूको परिणाम मध्यनजर गर्दै निषेध गर्ने स्थानीय र राष्ट्रिय कानूनहरू, र पात्रहरूको भुमिकाको बारेमा जानकारी दिने प्रावधान गर्ने ।

**मत परिवर्तन (मनाउने)**
सार्वजनिक स्थलमा हुने यौन हिंसाबाट महिला र किशोरीहरूमा पर्ने नकारात्मक असरहरू र यसले सम्पुर्ण समुदायलाई कसरी हानी गर्छ र यस्ता मुद्दाहरूलाई सम्बोधन गर्नमा मूख्य पात्रहरूको भुमिकाको महत्वको बारेमा जानकारी दिने ।

**सहज बनाउने**
पात्रहरूको आफ्नो भुमिका र जिम्मेवारी बारे चेतना जगाउनका लागि स्थानीय प्रहरी प्रशासनसँग मिलेर काम गर्ने ।

**वातावरण पूर्नसंरचना**
बसमा यौन हिंसाका घटनाहरू भएको खण्डमा ध्यानाकर्षण गराउनका लागि पोस्टर र घण्टी (बेल)को व्यवस्था गर्ने ।

**शिक्षा र मत परिवर्तन (मनाउने)**
हिंसालाई सामान्य मजाकको रुपमा स्थापित गरेको धारणालाई चुनौती दिनका लागि भावनात्मक पोस्टरहरू बनाई बसमा टाँस्ने ।

## नीति विकल्पहरू


**सञ्चार र बजारीकरण**
सार्वजनिक स्थानहरूमा हुने हिंसालाई चुनौती दिने र धारणाहरू परिमार्जन हुने खालका संयुक्त अभियान तथा संचार सामाग्री विकास गर्ने ।

**नियमन**
सार्वजनिक यातायातमा हुने हिंसा/उत्पीडनको घटनाहरू र प्रहरी प्रतिक्रिया अनुगमन गर्न प्रणालीको निर्माण गर्ने ।

**वित्तीय उपायहरू**
बस लगायत सार्वजनिक स्थानहरूमा महिला र किशोरीहरूका लागि सुरक्षा सुधार गर्ने पहलहरूलाई स्थानीय सरकारले सहयोग गर्न विशेष प्राथमिकता दिने र बजेट छुट्याउने ।

**सेवा प्रावधान**
सार्वजनिक यातायातमा महिला र किशोरीहरू माथि हुने यौन हिंसाको नकारात्मक प्रभावको बारेमा पुरुष र किशोरहरूलाई शिक्षा दिन र रोकथामका पहलहरूलाई प्रोत्सान गर्न युवा विशेष कार्यक्रममा बनाउने ।

# पर्सामा बालविवाह न्यूनीकरण गर्नमा लागि व्यवहार परिवर्तन ढाँचाको प्रयोग



# मकवानपुरमा स्थानीय महिलाहरूले कृषिलाई व्यवसायको रूपमा अभ्यास गर्नका लागि (जस्तै बचेको उत्पादनलाई बिक्री गर्ने) व्यवहार परिवर्तन ढाँचाको प्रयोग

## व्यवहार

**व्यवहार**

महिलाहरूले निर्माहिमुखी कृषिलाई उत्पादनमुखी र व्यवसायमुखी बनाउन अभ्यास गर्ने ।

- शारीरिक क्षमता
- मानसिक क्षमता
- समिक्षामूलक उत्प्रेरणा
- स्वचलित उत्प्रेरणा
- सामाजिक अवसर
- भौतिक अवसर

## व्यवहारको निदान

- **शारीरिक क्षमता:** कृषि काम गर्नका लागि शरिरीक रुपमा तन्दुरुत हुनु पर्ने
- **मानसिक क्षमता:** महिला आफू आर्थिक रूपमा सशक्त किन बन्नु पर्छ, कृषि गर्दा जमिनको उर्बराशक्तिको पहिचान गर्ने, आफ्नो उत्पादनहरू कहाँ बेच्ने, र कृषि सम्बन्धि सेवाहरू कहाँ कसरी पहुँच पाउने (जस्तै स्थानीय सरकारी विस्तार सेवाहरू) बारे ज्ञानको आवश्यकता
- **समिक्षामूलक उत्प्रेरणा:** महिलाहरूले कमाउन पनि सक्दैनन् र घरायसी आर्थिक आवश्यकतामा योगदान पनि दिन सक्दैनन् भन्ने धारणा र आर्थिक रुप सक्षम भए उक्त धारण परिवर्तन हुनुका साथै हिंसाको चक्रबाट बाहिर आउन सकिन्छ भनी विश्वास राख्न जरुरी
- **स्वचलित उत्प्रेरणा:** महिलाहरूको आत्मविश्वास/बल बढाउन आवश्यक र सुरक्षाको सुनिश्चितता
- **सामाजिक अवसर:** पुरुषहरू मात्र कमाउने हुन सक्छन् र महिलाहरू बाहिर गई आयआर्जन हुने काम गरेमा घर बिग्रीछन् भन्ने धारणा
- **भौतिक अवसर:** घरायसी कार्यबोझ घटाउनका लागि विकल्पहरू र आर्थिक सहयोगको आवश्यकता

## इन्टरभेन्सनको प्रकारहरू

**शिक्षा**
महिला आर्थिक सशक्तिकरण, कामको र लैङ्गिकताको आधारमा गरिने असमानता तथा भेदभाव सम्बन्धि सचेतनात्मक अभिमुखीकरण

**तालिम**
व्यवसाय योजना, खेतीकिसानी र पशुपालन सम्बन्धि तालिम

**मत परिवर्तन (मनाउने)**
फाइदा, बेफाइदा र प्रभाव तथा लैङ्गिकतामा आधारित कार्य विभाजन सम्बन्धि पोस्टर, भिडियो

**वातावरण पूर्नसंरचना**
समुदायमा महिला समूह गठन र सहयोग संयन्त्र निर्माण
सुधारिएको जिविकोपार्जन र व्यवसायिक खेती अवलोकनमा लागि महिलाहरूलाई सिकाई (एक्सपोजर) भ्रमण गराउने

**पुरस्कृत गर्ने**
जिविकोपार्जन सम्बन्धि क्रियाकलापहरूमा सामेल हुने महिलाहरूको लागि इनामको व्यवस्था

**उदाहरण प्रस्तुत**
महिला उद्यमी र आर्थिक आर्जनमा सक्रिय महिलाहरूको संघर्ष, सफलताको कथा साझा गर्ने

**सहज बनाउनु**
अनुदान र सामग्रीहरू सहयोग

## नीति विकल्पहरू

**सञ्चार र बजारीकरण**
महिलाहरूलाई आर्थिक रूपमा सक्षम बनाउन बाधाको रूपमा रहेको प्रभावशाली सांस्कृतिक भनाईहरूलाई पुन: आकार दिन यस बारेमा समुदायलाई शिक्षित गर्ने र सूचनामूलक सामाग्री सहितको अभियान बनाई संचालन गर्ने

**मार्गनिर्देशन**
महिलामैत्री बजार कार्यान्वयन, घुम्ती कोष र शिशु जेष्ठ नागरिक स्याहार केन्द्र सञ्चालन निर्देशिका

**सुविधा प्रावधान**
महिला किसान/उद्यमी छुट, महिला मैत्री र सुरक्षाजन्य सेवाहरू व्यवस्था गरी उपलब्ध गराउने

**वातावरण/सामाजिक योजना**
पारिश्रमिक बिनाको घरायसी कार्यको पहिचान गर्दै कार्यबोझ कम गर्न र महिलालाई आर्थिक कार्यहरूमा सक्रिय बनाउनका लागि वैकल्पिक भौतिक र सामाजिक संयन्त्रहरू निर्माण (जस्तै : पहुँच योग्य खानेपानीको स्रोत, शिशु जेष्ठ नागरिक स्याहर केन्द्र)

**वित्तीय नितिहरू सम्भवत:**
स्थानीय सरकारसँग प्रोत्साहन प्रदान गर्नका लागि वित्तीय प्रावधान छ कि खोजी गर्ने र त्यस्ता प्रावधानको व्यापक प्रयोग र प्रचार गर्ने साथै किसान र उद्यमी महिलाहरूलाई प्रोत्साहन गर्न वित्तीय लागत बढाउन वकालत गर्ने

# अनुगमन र मूल्याङ्कन गर्ने क्रममा सोध्नु पर्ने प्रश्न र ध्यान दिनु पर्ने केही कुराहरू

गरिएका कामहरूले लक्षित समुदायको छनौट गरेको व्यवहार परिवर्तन भयो कि भएन ?

गरिएका कामहरूले छनौट गरिएका व्यवहारका तत्वहरूलाई प्रभाव पाऱ्यो कि पारेन?

के देखिएका परिवर्तन र आएका चुनौतीहरूलाई समय समयमा क्षेत्रगत भ्रमण र अवलोकनद्वारा अभीलेखीकरण गरिएको छ त ? (के राम्रो भयो, कुन व्यवहारलाई लक्षित कसरी गरियो, आउने दिनमा अझै काम गर्ने अवसरहरू के के छन्, आवश्यकता अनुसार कार्यक्रम कसरी परिमार्जन गरी कार्यान्वयन गर्न सकिएला ?)

के व्यवहार परिर्वतन ढाँचाले सोचेको जस्तो नतिजा ल्याईरहेको छ त ? यदि छैन भने किन, के ढाँचालाई कार्यान्वयन टोलीले योजना गरे अनुसार अनुसरण गरी रहेका छन् त ?

छनौट गरिएका व्यवहारहरूलाई लक्षित समूहहरूले के साच्चिकै गर्न सकि रहेका छन् त अथवा हाम्रा कार्यक्रमहरू लक्षित वर्गले प्रभावकारी रूपमा पाईरहेको छन् त ?

कार्यक्रम सुचारू गर्नु पूर्व प्रारम्भिक मूल्याङ्कन गर्न सकिन्छ, जहाँ व्यवहार सम्बन्धि एकिकृत जानकारीहरू लिनका लागि लक्षित समूहसँगको छलफल, मूख्य सरोकारवालाहरूसँग अन्तरवार्ता, अंक पत्र, अवलोकन, सर्वेक्षण र स्व-टिप्पणी इत्यादि विधि प्रयोग गर्न सकिन्छ ।

यसरी नै कार्यक्रमको बीचमा र अन्त्यमा पनि यी मूल्याङ्कनका विधिहरू प्रयोग गर्न सकिन्छ । साथै कार्यक्रमको उद्देश्य, अवधि र कार्य (Intervention) हेरी विभिन्न अनुसन्धानकर्तासँग समन्वय गरी कार्यक्रम प्रभावकारिता, नतिजा र सिकाईका लागि सुहाउँदो विधि प्रयोग गरी अनुसन्धान पनि गर्न सकिन्छ । तर हिंसा र दुर्व्यवहार जस्ता संवेदनशील विषयमा काम गरिरहँदा सबै कुरा विश्वसनीय र सत्य आउँछ भन्ने हुँदैन । त्यसैले कतिपय समयमा मूल्याङ्कन गर्ने टोली आफै पनि संवेदनशील भई व्यवहार सम्बन्धि जानकारी समेट्नका लागि सतर्क र चनाखो भएर विधिहरूको प्रयोग गर्नु पर्दछ । बदलिदो परिवेश अनुसार कार्यक्रमलाई अझै प्रभावकारी बनाउन र कुनै एक व्यवहारलाई अन्य व्यवहारहरूले पनि प्रभाव पर्ने हुँदा समय समयमा गरिने मूल्याङ्कनले प्रभाव, परिणाम र स्वीकार्यतालाई हेर्दै अनुकूलनमा मद्दत गर्छ । साथै, यसले गर्दा भावी योजना बनाउन पनि सहयोग हुन्छ ।

“लिंङ्ग र लैङ्गिकताको आधारमा महिलामाथि हुने सबै खालको हिंसा अन्त्यका लागि आफ्नो व्यवहार परिवर्तन गरौं”

**महिला विरुद्ध हुने हिंसा अन्त्यका लागि हामी प्रतिबद्ध छौं ।**

Irish Aid
An Roinn Gnóthaí Eachtracha agus Trádála
Department of Foreign Affairs and Trade

actionaid

40 YEARS actionaid ACTION FOR SOCIAL JUSTICE NEPAL